# किशोरकिशोरीका लागि बनाइएको कोभिड-19 विरुद्धको खोप मन्जुरीनामाको बारेमा जानकारी

Vaccinate WA
CovidVaccineWA.org

Washington State Department of Health (वासिङ्गटन राज्यको स्वास्थ्य विभाग) ले 6 महिना वर्ष वा सोभन्दा बढी उमेरका सबै मान्छेहरूलाई खोप लगाउन सिफारिस गरेको छ ।धेरैजसो सेवा प्रदायकले 18 वर्षभन्दा कम उमेरका मान्छेहरूलाई खोप लगाउँदा आमाबुवा वा अभिभावकको मन्जुरीनामा माग्छन् । तथापि, तपाईंको उमेर 18 वर्ष पुगेको छैन तर तपाईं आफ्ना आमाबुवामा आश्रित हुनुहुन्न भने केही अवस्थामा तपाईं आफैले मन्जुरी दिन सक्नुहुन्छ वा तपाईं आफ्नो आमाबुवा वा अभिभावकसँग बस्नुहुन्न र तपाईं आवाससम्बन्धी अस्थिरता झेलिरहनुभएको छ भने तपाईं आफ्नो स्कुलबाट मन्जुरीनामा प्राप्त गर्न सक्नुहुन्छ । यो कागजातमा राज्यको कानुनअन्तर्गत मान्य ठहरिने मन्जुरीनामाका प्रकारहरू, तपाईंलाई सेवा प्रदान गर्न सक्ने सेवा प्रदायक खोज्ने तरिका र खोप लगाउने अपोइन्टमेन्टका लागि तयार हुने तरिकाका बारेमा जानकारी दिइएको छ ।

## तपाईंको तर्फबाट मन्जुरी दिन सक्ने वयस्क व्यक्तिहरू:



- आमा/बुवा
- अभिभावक वा कानुनी संरक्षक
- फोस्टर अभिभावकले वा अदालतले फोस्टर होम (च्याप्टर 13.32A वा 13.34 Revised Code of Washington (RCW, वासिङ्गटनको संशोधित कानुन)) मा भएका बच्चाको चिकित्सकीय स्याहारका सम्बन्धमा मन्जुरी दिने अधिकार दिएका अन्य व्यक्ति
- अधिकार पत्रमा हस्ताक्षर गरेर तपाईंका लागि स्वास्थ्य सेवासम्बन्धी निर्णयहरू लिने अधिकार दिइएका व्यक्ति
- तपाईंको स्वास्थ्य सेवाका लागि जिम्मेवार आफन्त
- विद्यालयका नर्स, परामर्शदाता वा (संघीय McKinney-Vento Homeless Education Act * मा उल्लिखित परिभाषाअनुसार तपाईं घरबारविहीन ठहर हुने किशोरकिशोरीका हकमा) घरबारविहीन किशोरकिशोरीका सम्पर्क व्यक्ति

## निम्न अवस्थामा तपाईं आफ्ना लागि आफैले मन्जुरी दिन सक्नुहुन्छ:



- **तपाईं कानुनी रूपमा बन्धन मुक्त हुनुभएको छ ।** तपाईं 16 वर्ष वा सोभन्दा बढी उमेरको हुनुहुन्छ र तपाईंले आफ्ना आमाबुवाको नियन्त्रणबाट छुटकारा पाऊँ भनी आवेदन दिनुभएको छ र सो आवेदन स्वीकृत गरिएको छ ।
- **तपाईंले बन्धन मुक्त नाबालिग वा वयस्क व्यक्तिसँग विवाह गर्नुभएको छ ।**
- **सेवा प्रदायकले** Mature Minor Doctrine(परिपक्व नाबालिगसम्बन्धी सिद्धान्त)** बमोजिम **तपाईं परिपक्व नाबालिग रहेको ठहर गरेको छ ।**

### *McKinney-Vento मा आधारित मन्जुरीनामाका बारेमा थप जानकारी:

राज्यको कानुनबमोजिम घरबारविहीन किशोरकोशोरी वा कम उमेरका वयस्क व्यक्ति (संघीय McKinney-Vento homeless education act अन्तर्गत परिभाषित गरिएअनुसार) लाई खोप लगाउनका लागि विद्यालयका नर्स, परामर्शदाता वा घरबारविहीन विद्यार्थीका सम्पर्क व्यक्तिले मन्जुरी दिन पाउँछन् ।

**स्रोतको लिंक:** National Center for Homeless Education, *घरबारविहीन एकल विद्यार्थीहरूलाई शिक्षा हासिल गर्न सहयोग गर्ने,* https://nche.ed.gov/wp-content/uploads/2018/10/youth.pdf - अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छ

### **Mature Minor Doctrine का बारेमा थप जानकारी:

उपचार पद्धतिका प्रभाव वा महत्त्व बुझ्ने क्षमता भएका नाबालिगहरूका हकमा केही सेवा प्रदायकहरूले "Mature Minor Doctrine" बमोजिम अवस्था हेरेर नाबालिगहरू आफैले दिएको मन्जुरीनामा स्वीकार गर्छन् ।

सेवाग्राही परिपक्व नाबालिग हो कि होइन भन्ने कुरा निर्धारण गर्ने क्रममा सेवा प्रदायकहरूले नाबालिगको उमेर, बौद्धिक क्षमता, परिपक्वता, प्रशिक्षण, अनुभव, आर्थिक स्वतन्त्रता वा निर्भरता र वयस्कका रूपमा उहाँको सामान्य आचारणलाई ध्यानमा राख्दै उहाँ आमाबुवाको भर नपरी स्वतन्त्र रूपमा निर्णय गर्न सक्षम हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा मूल्याङ्कन गर्छन् ।

## सेवा प्रदायकहरूले विभिन्न तरिकाले मन्जुरी स्वीकार गर्छन् ।

- मौखिक मन्जुरीनामा (फोनमार्फत वा व्यक्तिगत रूपमा भेटेर)
- लिखित मन्जुरीनामा (फारम)
- केही सेवा प्रदायकले मौखिक र लिखित दुवै मन्जुरीनामा माग्छन् ।
- तपाईंका लागि मन्जुरी दिने वयस्क व्यक्तिले व्यक्तिगत रूपमा भेटेर दिने मन्जुरीनामा ।

## खोप लगाउन चाहने व्यक्तिले ध्यान दिनु पर्ने कुराहरू

- ◻ **Vaccine Locator (भ्याक्सिन लोकेटर) (vaccinelocator.doh.wa.gov) मा भएका फिल्टरसम्बन्धी विकल्पहरू प्रयोग गर्नुहोस् वा आफ्ना सेवा प्रदायकलाई फोन गरेर कस्तो खालको मन्जुरीनामा चाहिन्छ भनी सोध्नुहोस् ।** Vaccine Locator मा रहेको किशोरकिशोरी मैत्री नामक फिल्टरले तपाईंका लागि उपयुक्त सेवा प्रदायक खोज्न मद्दत गर्छ । उदाहरणका लागि, तपाईंका लागि मन्जुरी दिने अधिकार भएका वयस्क व्यक्ति मन्जुरी दिन तयार हुनुहुन्छ तर तपाईंसँग अपोइन्टमेन्टमा जान सक्नुहुन्न भने लिखित मन्जुरीनामा स्वीकार गर्ने सेवा प्रदायक खोज्नुहोस् ।
- ◻ तपाईंका आमा/बुवा/अभिभावक अनलाइन फारम भरिदिन सक्नुहुन्न भने **खोप लगाउने स्थानमै गएर वा फोन गरेर अपोइन्टमेन्ट लिन सकिने खोप केन्द्रहरू खोज्नुहोस्** । धेरैजसो सेवा प्रदायकहरूले अनलाइन अपोइन्टमेन्ट लिनका लागि आमा/बुवा वा अभिभावकलाई मन्जुरीनामा फारम भर्न लगाउँछन् ।
- ◻ **आफ्नो स्कुलमा सम्पर्क गरेर सोध्नुहोस् ।** तपाईं आवाससम्बन्धी अस्थिरता झेलिरहनुभएको छ भने तपाईंलाई McKinney-Vento प्रावधान लागू हुन सक्छ । (तपाईं यस सम्बन्धमा थप जानकारी प्राप्त गर्न चाहनुहुन्छ भने अगाडिको भाग हेर्नुहोस् ।) तपाईं स्कुलका नर्स, स्कुलका परामर्शदाता वा घरबारविहीन विद्यार्थीका सम्पर्क व्यक्तिलाई मन्जुरीनामा दिन आग्रह गर्न सक्नुहुन्छ ।
- ◻ **तपाईंले जुन खालको मन्जुरीनामा दिनु पर्ने हो त्यसका लागि तयार रहनुहोस्:**
  - ◻ तपाईंको अपोइन्टमेन्टमा कोही वयस्क व्यक्ति अनिवार्य रूपमा उपस्थित हुनु पर्छ भने उहाँसँग समन्वय गर्नुहोस् ।
  - ◻ तपाईंको सेवा प्रदायकले लिखित मन्जुरीनामा स्वीकार गर्छ भने तपाईंका लागि मन्जुरी दिने व्यक्ति फारम प्रिन्ट गरेर त्यसमा हस्ताक्षर गरिदिन सक्नुहुन्छ कि सक्नुहुन्न भन्ने कुरा यकिन गर्नुहोस् ।
  - ◻ तपाईं बन्धन मुक्त नाबालिग हुनुहुन्छ वा तपाईंले बन्धन मुक्त नाबालिग वा वयस्क व्यक्तिसँग विवाह गर्नुभएको छ भने तपाईंले सम्बन्धित कागजपत्र ल्याउनु पर्ने हुन सक्छ ।
  - ◻ तपाईं McKinney-Vento प्रावधानका आधारमा मन्जुरी प्राप्त गर्दै हुनुहुन्छ र सेवा प्रदायकले यस सम्बन्धमा प्रश्न सोध्दा के जवाफ दिने भन्ने चिन्तामा हुनुहुन्छ भने तपाईं सुसूचित मन्जुरीनामासम्बन्धी कानुन: RCW 7.70.065 (अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छ) को प्रतिलिपिमा स्कुलसँग सम्बन्धित भाग हाइलाइट गरेर ल्याउन सक्नुहुन्छ । (कानुनको लिंक: https://app.leg.wa.gov/RCW/default.aspx?cite=7.70.065 – अङ्ग्रेजी भाषामा मात्र उपलब्ध छ) । नोट: यसो गर्नै पर्छ भन्ने छैन ।
  - ◻ तपाईं Mature Minor Doctrine का आधारमा आफै मन्जुरी दिने सोचमा हुनुहुन्छ भने तपाईंले तपाईं आफ्ना आमाबुवाको अधीनमा हुनुहुन्न भन्ने कुरा प्रमाणित गर्ने कागजपत्र र जानकारी प्रदान गर्नु पर्ने हुन सक्छ । सबै सेवा प्रदायकले ती कागजपत्र र जानकारी माग्दैनन् तर तपाईंले ती कागजपत्र र जानकारी प्रदान गर्नुभयो भने सजिलो हुन सक्छ । केही सेवा प्रदायकहरूले आफ्नो सेवा केन्द्रमा परिपक्व नाबालिग निर्धारण गर्ने कार्य गर्दैनन् तर पहिलेका सेवा प्रदायकले त्यस्तो निर्धारण गरेका छन् भने त्यसलाई स्वीकार गर्छन् ।